बैठक नं. ५८ औं

आज मिति २०७९ भाद्र २२ गते बुधबारमबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ८(औं) कार्यपालिका बैठक बस्यो ।

<u>उपस्थिती</u>

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | [signature] |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | [signature] |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | [signature] |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | [signature] |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | [signature] |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | [signature] |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | [signature] |
| ८ | श्री ~~कृष्ण प्रसाद साफ्कोटा~~ नर बहादुर थापा मगर (वडा अध्यक्ष) | सदस्य | [signature] |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | [signature] |
| १० | श्री भुमिसरा आले | सदस्य | [signature] |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | [signature] |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | [signature] |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | [signature] |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | [signature] |
| १५ | श्री एकदेव पौडेल | सदस्य | [signature] |
| १६ | श्री गोपाल थापा | सदस्य | [signature] |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | [signature] |
| १८ | श्री केशव राज गौतम | सदस्य | [signature] |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | [signature] |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | [signature] |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | [signature] |
| २३ | श्री पार्वती कंडेल | सदस्य | [signature] |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | [signature] |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | [signature] |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | [signature] |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिब | |



Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

**७औ कार्यपालिका बैठकको छलफलका विषय/बैठक मिति २०७९ भाद्र २२ गते**

१। अगील्लो बैठकको निर्णय समिक्षा सम्बन्धमा,
२। स्थानीय सहजीकरण समिति गठन गर्ने सम्बन्धमा
३। जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९ स्वीकृत गर्ने सम्बन्धमा,
४। प्रहरी बीट स्थापनाका लागि शिफारिस गर्ने सम्बन्धमा,
५। ट्रमा सेन्टरको लागि जग्गा सिफारिश सम्बन्धमा,
६। दुम्कौली अस्पतालको दरबन्दी स्वीकृत गर्ने सम्बन्धमा,
७। स्वीकृत लागत अनुमान भन्दा बढी कामको खर्च स्वीकृत गर्ने सम्बन्धमा,

देवचुली नगरपालिकाको सातौ कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१। छैठौ नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

२। भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि, २०७८ बमोजिम भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न देहाय बमोजिम नगरस्तरीय सहजीकरण समिति गठन गर्ने,

तपसील
श्री हरीप्रसाद न्यौपाने–नगर प्रमुख, संयोजक
श्री पार्वता तिवारी– नगर उप प्रमुख, उप संयोजक,
श्री डिल्लीराम कडरीया–प्रतिनिधी, नेपाली कांग्रेस, सदस्य
श्री डिल्लीराम पाण्डे– प्रतिनिधी, नेकपा एमाले, सदस्य
श्री सत्यनारायण भुसाल–प्रतिनिधी, नेकपा माओबादी केन्द्र, सदस्य
श्री गोविन्द प्रसाद शर्मा–प्रतिनिधी, नेकपा (एस) सदस्य
श्री सुरेश रानाभाट– कार्यपालिका सदस्य, सदस्य
श्री फुलमाया वि.क.– कार्यपालिका सदस्य, सदस्य
श्री सुनिता घिमिरे लम्साल– नागरिक समाजको प्रतिनिधी, सदस्य
श्री खिमानन्द भुसाल– नागरिक समाजको प्रतिनिधी, सदस्य
श्री प्रेम बहुदर विश्वकर्मा– नागरिक समाजको प्रतिनिधी, सदस्य
श्री प्रमुख प्रशासकिय अधिकृत – सदस्य सचिव

३। देवचुली नगरपालिका भित्रका खानेपानी तथा सिंचाईका पानीका श्रोतहरुको समुचित संरक्षण, दीगो उपयोग र समुचित व्यवस्थापनका लागि तर्जुमा भएको जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९ विधेयक समितिबाट स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश भएकोले सो कार्यविधिलाई स्वीकृत गर्ने,



मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

४। बढ्दो जनघनत्व र त्यहाँको भुगोल समेतलाई मध्यनजर गरी स्थानीय जनताको शान्ति सुरक्षाका लागि प्रहरी बीट स्थापना गर्न देवचुली नगरपालिका वडा नं. ४ बाट माग भै आएकोले वडा कार्यालयको माग बमोजिम प्रहरी बीट स्थापना गर्न जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) मा अनुरोध गर्ने,

५। ट्रमा सेन्टर स्थापना र प्रहरी चौकी स्थापनाका लागि आवश्यक जग्गा व्यवस्थापन गर्न गठित कार्यदलको सिफारिश बमोजिम देहायको प्राथमिकताक्रम तोकी जग्गा उपलब्ध गराउन सिफारिश गर्ने,

**ट्रमा सेन्टरको जग्गा**

१.देबचुली नगरपालिका वडा नं. १३ को वडा कार्यालय रहेको स्थानको वरपरको बौलाहाखोलाको छेउको करीव ३ विगाहा जग्गा वा शसस्त्र प्रहरी बल पछाडी नवलपुर क्रसरसंग जोडिएको बौलाहाखोलाको किनाराको करीव ९ विगाहा ऐलानी जग्गा,

२.देवचुली नगरपालिका वडा नं १७ झरेखोला पुल फाराममा मुख्य राजमार्गसंग जोडिएको ऐलानी जग्गा,

३.देवचुली नगरपालिका वडा नं १५ लोकाहा खोला पुल आडमा रहेको मुख्य राजमार्गसंग जोडिएको करीव ४ विगाहा ऐलानी जग्गा,

४.देवचुली नगरपालिका वडा नं. १६ रजहरमा हाल देवचुली उच्च मा.वि. संग मर्ज भएको ध्रुवज्योती स्कुल रहेको करीव डेड विगाहा जग्गा,

**प्रहरी चौकीको जग्गा**

देबचुली नगरपालिका वडा नं १५ लोकाहा खोला पुल आडमा रहेको मुख्य राजमार्गसंग जोडिएको करीव ४ विगाहा ऐलानी जग्गा,

६। १५ शैयाको दुम्कौली आधारभुत अस्पतालको दरबन्दी तथा संगठन संरचनाको सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ०५ मिति २०७९/४/१ को पत्रसाथ नमुना संगठन संरचना र दरबन्दी पठाएकोमा सोमा पुनरावलोकन गरी पेश गर्न देबचुली नगरपालिका नगर कार्यपालिकाको मिति २०७९/४/१३ को निर्णय अनुसार कार्यपालिका सदस्य श्री भुमिसरा आलेको संयोजकत्वमा कार्यदल गठन भएकोमा सो कार्यदलको सिफारिश बमोजिम देहायको दरबन्दी संरचना स्वीकृत गर्ने,

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | प्रस्तावित दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेडिकल जनरलिस्ट | ९ / १० | स्वास्थ्य | मेडिकल जनरलिस्ट | १ | |
| २ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | २ | |
| ३ | स्टाफ नर्स * | ५/६/७ | स्वास्थ्य | जनरल नर्सिंग/क.न. | ६ | |



मोहन प्रसाद गरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | हेल्थ असिस्टेन्ट ** | ५/६/७ | स्वास्थ्य | हे.ई. | ६ | ** |
| ५ | ल्याब टेक्निसियन *** | ५/६/७ | स्वास्थ्य | मेडिकल ल्याब टेक्नोलोजी | २ | *** |
| ६ | रेडियोग्राफर | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफी | १ | |
| ७ | फार्मेसी सहायक | ५/६/७ | स्वास्थ्य | फार्मेसी | १ | |
| ८ | डेन्टल हाइजिनिष्ट | ४/५/६ | स्वास्थ्य | डेन्टिट्री | १ | |
| ९ | एनेस्थेटिक सहायक | ५/६/७ | स्वास्थ्य | बिबिध | १ | |
| १० | अपथाल्मिक सहायक | ५/६/७ | स्वास्थ्य | बिबिध | १ | |
| ११ | नायब सुब्बा | रा.प.अन.प्र. | स्वास्थ्य | सा.प्रशासन | १ | |
| १२ | कार्यालय सहयोगी | बिहिन | प्रशासन | सा.प्रशासन | ४ | |
| १४ | सरसफाईकर्मी | बिहिन | प्रशासन | सा.प्रशासन | ३ | |
| | जम्मा | | | | ३० | |

•दुम्कौली आधारभूत अस्पतालमा हाल कार्यरत सि.अ.न.मी.४/५/६ को दरबन्दी प्र.द.ते.मा नभएकोले निजहरु कार्यरत रहदासम्म स्टाफ नर्सको ५/६/७ को दरबन्दीमा कामकाजमा लगाउने ।

•• दुम्कौली आधारभूत अस्पतालमा हाल कार्यरत सि.अ.हे.ब. ४/५/६ को दरबन्दी प्र.द.ते.मा नभएकोले निजहरु कार्यरत रहदासम्म हे.अ. को ५/६/७ को दरबन्दीमा कामकाजमा लगाउने ।

••• दुम्कौली आधारभूत अस्पतालमा हाल कार्यरत ल्याब असिस्टेन्ट ४/५/६ को दरबन्दी प्र.द.ते.मा नभएकोले निज कार्यरत रहदासम्म ल्या.टे.५/६/७ को दरबन्दीमा कामकाजमा लगाउने ।

७। देवचुली नगरपालिकाको आ.व. ०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत वडा नं. ३, १६ र १७ मा विभिन्न १३ वटा सडक कालोपत्रेका लागि बोलपत्र आव्हान भई कार्य भएकोमा शुरुको लागत अनुमानमा समावेश नभएको तर काम गर्दै जादा अनिवार्य रुपमा गर्नुपर्ने अवस्था देखिएको, प्राविधिकको तर्फबाट अनुगमन गर्दा पनि थप काम गर्नुपर्ने भनि सुझाव प्राप्त भएको र वडा नं. १६ र १७ बाट पनि थप कामको लागि सिफारिश प्राप्त भएको आधारमा काम गर्दा शुरु लागत अनुमान भन्दा रु.१६२११००।० ( शुरु लागत अनुमानको १५.२१%) वढ्न गएको हुनाले उक्त बढ्न गएको रकम मध्ये रु.६५३७७९।० वडा नं. १६ र १७ को स्वीकृत वडास्तरीय बजेटबाट र रु. ९६७३३१।० नगरस्तरीय कार्यक्रम अन्तर्गत सडक कालोपत्रे शिर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने गरी थप काम र वजेट रकम अनुमोदन गर्ने ।

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद ज्ञवाली
नगर प्रमुख



Scanned with CamScanner

८। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०७९/०४/०५ को बाँझो तथा उपयोगमा नआएका कृषि योग्य जग्गामा उत्पादन प्रवर्धन कार्यक्रम संचालन गर्न स्थानीय तहहरुसंग प्रस्ताव माग भए अनुसार देवचुली नगरपालिकाबाट लागत अनुमानको ३० प्रतिशत सम्म साझेदारी जुटाउने प्रतिबद्धता सहित मन्त्रालयको सुचना बमोजिमको प्रस्ताव तयार गरी पेश गर्न कृषि तथा पशु सेवा शाखालाई निर्देशन दिने ।

मोहन प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner